जीतपुरसिमरा उपमहानगरपालिका

# नगर प्रहरी ऐन, २०८० (पहिलो संशोधन)

नगर प्रहरी ऐन, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नगर प्रहरी ऐन, २०७९ को दफा ५९ ले दिएको अधिकार प्रयोग गरी नगर सभाले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "नगर प्रहरी ऐन, २०८० (पहिलो संशोधन)" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **नगर प्रहरी ऐन, २०७९ को दफा ५४ मा संशोधनः** नगर प्रहरी ऐन, २०७९ (यसपछि "मुल ऐन" भनिएको) को ५४ मा रहेको अवकाश "५८ वर्ष" को सट्टामा नगर प्रहरी हवल्दारसम्मको लागि "५० वर्ष" र सोभन्दा माथिल्लो दर्जाको हकमा "५५ वर्ष" उमेर राखिएका छन्।

३. **मूल ऐनको अनुसूची-१ मा संशोधनः** (१) मूल ऐनको अनुसूची-१ (क) मा "२५ वर्ष" को सट्टामा "३० वर्ष" उमेर ननाघेको राखिएको छ।

(२) ऐ.ऐ. अनुसूचीको (च) मा उचाई "५ फिट २ इन्च" को सट्टामा "५ फिट ३ इन्च" राखिएको छ।

(३) सुरक्षा निकायबाट सेवानिवृत्त भइसकेकाको हकमा "४१ वर्ष" को सट्टामा "४५ वर्ष" उमेर ननाघेको हुनुपर्नेछ।

४. **मूल ऐनको अनुसूची-२ मा संशोधनः** (१) मूल ऐनको अनुसूची-२ (क) मा "२४ वर्ष" को सट्टामा "२८ वर्ष" उमेर ननाघेको राखिएको छ।

(२) ऐ.ऐ. अनुसूचीको (च) मा उचाई "५ फिट २ इन्च" को सट्टामा "५ फिट ३ इन्च" राखिएको छ।

(३) सुरक्षा निकायबाट सेवानिवृत्त भइसकेकाको हकमा ४० वर्षको सट्टामा ४३ वर्ष उमेर ननाघेको हुनुपर्नेछ।

५. **मूल ऐनको अनुसूची-३ मा संशोधनः** (१) मूल ऐनको अनुसूची-३ (क) मा "२३ वर्ष" को सट्टामा "२५ वर्ष" उमेर ननाघेको राखिएको छ।

(२) ऐ.ऐ. अनुसूचीको (च) मा उचाई "५ फिट २ इन्च" को सट्टामा "५ फिट ३ इन्च" राखिएको छ।

(३) सुरक्षा निकायबाट सेवानिवृत्त भइसकेकाको हकमा "३७ वर्ष" को सट्टामा "४१ वर्ष" उमेर ननाघेको हुनुपर्नेछ।

जीतपुरसिमरा उपमहानगरपालिका